मधेश प्रदेश सरकार

श्रम तथा यातायात मन्त्रालय

# सन्दर्भका शर्तहरू (TOR)

**क्रियाकलापको नाम** **:-** श्रम बजार सर्वेक्षण एवंम् प्रतिवेदन

**परिचय**

मधेश प्रदेशको श्रम तथा यातायात मन्त्रालय अन्तर्गत नेपाल सरकार तथा स्वीस सरकारको संयुक्त सहयोगमा **"बैदेशिक रोजगारीवाट फर्किएका व्यक्तिहरुका लागि पुन:एकीकरण (रेमी) परियोजना"** संचालनमा रहेको छ । यो परियोजना यस मन्त्रालयको नेतृत्वमा दश स्थानीय तहहरुमा (जनकपुरधाम उपमहानगरपालिका, राजविराज नगरपालिका, सिरहा नगरपालिका, मिर्चैया नगरपालिका, क्षिरेश्वरनाथ नगरपालिका, जलेश्वर नगरपालिका, जनकनन्दीनी गाउँपालिका, मुखियापट्टि मुसहरनीयाँ गाउँपालिका, लक्ष्मीनियाँ गाउँपालिका र पिपरा गाउँपालिका ) संचालन भई रहेको छ। यस (ReMi) रेमी परियोजनाको मुख्य उद्देश्य वैदेशिक रोजगारीवाट फिर्ता आएका व्यक्तिहरुको आर्थिक पुन:एकीकरण गर्ने सिलसिलामा सिपमा आधारीत रोजगार प्रदान गर्नका लागि रेफरल माध्यम लाई सहजिकरण हुनकालागि यस प्रदेशको श्रम बजार सर्वेक्षण गर्नु उपयुक्त रहेकोले यो क्रियाकलाप कार्यान्वयनको प्रक्रिया र गतिविधिमा संलग्नता सम्बन्धि विस्तरीत विवरण तयार पारिएको छ ।

**१.० क्रियाकलापको उद्देश्यहरुः**

यो क्रियाकलाप संचालनको प्रमुख उदेश्यहरु यस प्रकार रहेको छ ।

- मधेश प्रदेश भित्रका बर्तमान श्रम बजारको माग र आपुर्तिको वारेमा अवस्था पहिचान गर्नु ।
- प्रदेश भित्रका वेरोजगार युवाहरुको सिपमा आधारीत रोजगारका लागि उपयुक्त सिपमुलक तालिम संचालन गर्नका निम्ती सेक्टर पहिचान गर्नु ।
- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको आर्थिक पुन:एकीकरण गर्नका लागि सम्बन्धित निजिक्षेत्रको पहिचान गर्नु ।
- प्रदेश श्रम तथा रोजगार ऐन तर्जुमा तथा लागि आधार तयार पार्नु ।

**२.० कार्यक्रमको प्रकृति**

**२.१ कार्यक्रमको औचित्य**

देशभित्रका वर्षेनि ५ लाख युवा रोजगार बजारमा आउने गर्छ । वेरोजगारी समस्या समाधानका लागि समय समयमा सरकारले विभिन्न आयोजना एवंम् परियोजनाहरु लागु गरिरहेको सर्वविदितै छ । सरकारले देशव्यापीरुपमा युवा स्वरोजगार कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम र अन्य कार्यक्रमहरु संचालन गर्दै आई रहेको छ । तरपनि वेरोजगारी समस्या समाधान गर्न हालको तिनै तहका सरकारलाई हम्मे हम्मे भएको छ । देशका युवाहरु स्वदेशमा रोजगार नपाएर वैदेशिनु वाध्य भएको छ । नेपाल सरकारवाट प्रथम पटक श्रम स्वीकृती लिएर आ.ब. २०५०।५१ मा जम्मा ३६०५ जना वैदेशिएको थियो तर २९ वर्ष पछि आ.ब. २०७९।८० मा श्रम स्वीकृती लिई रोजगारीकै लागि वैदेशिएको संख्या ७७१३२७ पुगेकोछ । जुन तथ्याँक वर्षेनी श्रम बजारमा प्रवेश गर्ने युवाहरुको संख्या भन्दा दोब्बरको नजिक छ । जस मध्ये मधेश प्रदेशवाटै आ.ब.२०७९।८० वैदेशिएको व्यक्तिको संख्या १८४४० रहेको छ । जस्मा धनुषावाट ४०५०३ जना, सिरहावाट ३०२८० जना, महोत्तरीवाट ३००४४ जना, सर्लाहीवाट २४२०७ जना, सप्तरीवाट २१५५६ जना, रौतहटवाट १५३५५ जना, बारावाट १४६८१ जना र पर्सावाट ७८१४ जना रहेको छ । यसरी वर्षेनी

औपचारीक र अनौपचारीक माध्यम गरि २ लाख भन्दा वढि युवा रोजगारीको खोजिमा मधेश प्रदेशवाट वाहिरीरहेको रहँदा प्रदेश सरकारले यसका लागि दिगो समाधानको वातावरण वनाउन अग्रसर हुनु अपरिहार्य हो । तसर्थ प्रदेशको वेरोजगार युवा र वैदेशिक रोजगारीवाट सिप हासिल गरि फिर्ता आएका श्रमिकहरुलाई प्रदेश भित्रै रोजागारीको अवसर श्रृजना तथा निर्माणका लागि प्रदेशको श्रम तथा रोजगार वजारको वारेमा अध्ययन अनुसन्धान गर्नु नितान्त आवश्यक छ । साथै श्रम तथा यातायात मन्त्रालयले आफ्नै स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अन्तर्गतका सिप विकास सम्वन्धि क्रियाकलापहरुको प्रवभावकारीता वृद्धिका लागि पनि यस प्रकारको सर्वेक्षण आवश्यक रहेको छ ।

## २.२ कार्यक्रम कार्यान्वयनका विधीहरु

| क.स. | क्रियाकलापहरु | विधिहरु |
|---|---|---|
| क | श्रम बजार सर्वेक्षण तयारी | |
| क.१ | श्रम बजार सर्वेक्षण तयारी (मन्त्रालयको जिम्मेवारीमा हुने कार्यहरु) | |
| १ | सर्वेक्षणकर्ता सेवा प्रदायक छनौटका लागि प्राविधिक तथा आर्थिक प्रस्ताव माग | सुचना प्रकाशन |
| २ | प्रस्ताव मुल्यॉङ्कण | |
| ३ | सर्वेक्षणकर्ता सेवा प्रदायक छनौट एवंम् सम्झौता | |
| ४ | श्रम बजार सर्वेक्षण सम्बन्धि मन्त्रालय द्वारा सेवा प्रदायकलाई अभिमुखिकरण ।(उद्देश्य, सर्वेक्षणका क्षेत्र, सर्वेक्षणका प्रतीफल) | |
| क.२ | श्रम बजार सर्वेक्षण तयारी (सेवा प्रदायकको जिम्मेवारी तथा भुमिका) | |
| १ | सर्वेक्षणका लागि प्रश्नावली तर्जुमा | |
| २ | सर्वेक्षण प्रश्नावली माथी मन्त्रालय र सेवा प्रदायक छलफल गोष्ठि तथा प्रश्नावली तयारी | |
| ३ | सर्वेक्षणकर्ता छनौट | |
| ४ | सर्वेक्षणकर्ताहरुका लागि शुरुवाती प्रशिक्षण (Induction training) | तालिम/गोष्ठि |
| ख | श्रम बजार सर्वेक्षण | |
| १ | जिल्ला/नगर उद्योग वाणिज्य संघ संग छलफल (८ वटै जिल्लामा ८ चरणमा), सेक्टर पहिचान, सेक्टर अनुसार उद्योगहरुको सुचिकरण (जस्तै निर्माण, टुरिज्म र हस्पिटालिटी, यातायात, टेक्सटायल, उत्पादन  वा अन्य क्षेत्रहरु) | गोष्ठि संचालनको प्रमाण तथा सेक्टर सुचि |
| २ | सुचिकृत संभावित उद्योगहरुमा सर्वेक्षण (कम्तिमा २०० उद्योगहरुको सेम्पल साईज) | |
| ग | तथ्यॉंक प्रविष्टि एवंम् विश्लेषण | |
| घ | प्रतिवेदन तयारी तथा संप्रेषण | |
| १ | प्रारम्भिक प्रतिवेदनको खाका माथि मन्त्रालय र परामर्शदाताको संयुक्त छलफल | वैठक १ |
| २ | प्रतिवेदनको प्रारम्भिक मश्यौदा पेश र मश्यौदा उपर संयुक्त छलफल | बैठक २ |
| ३ | (validation workshop) प्रमुख सरोकारवाला (रोजगारदाता) प्रदेश उद्योग वाणिज्य संघको अगुवाईमा प्रतिवेदनको दोश्रो मश्यौदा उपर छलफल पृष्ठपोषण संकलन | गोष्ठिमा कम्तिमा ...रोजगारदाताको उपस्थिती |
| ४ | श्रम बजार प्रतिवेदनको अन्तिम मश्यौदा पेश | |

२.३ **श्रम बजार सर्वेक्षणका क्षेत्रहरु**

- जिल्ला/नगर तथा प्रदेश उद्योग वाणिज्य संघहरुवाट सुचिकृत विभिन्न क्षेत्रका उद्योग व्यावसायहरु जुन मधेश प्रदेशको सवै प्रमुख सहरहरुमा रहेका हुन सक्छ । सुचिकृत सम्पुर्ण वा अधिकाँस रोजागार दाताहरुको सर्वेक्षण ।

२.४ **कार्यक्रम अवधि**:यो सर्वेक्षणको अवधि मिति २०८०।११।१५ गते देखि २०८१।२।१५ गते सम्म हुनेछ।

२.५ **परामर्शदाता वा सेवा प्रदायकको योग्यता:**

श्रम बजार सर्वेक्षण गर्नका लागि देहाय बमोजिमको योग्यता भएका सेवा प्रदायकले प्रस्ताव पत्र पेश गर्न सक्ने छ। प्रस्ताव पत्र पेश गर्दा तल उल्लेखित विषय प्रमाणित हुने प्रमाण संलग्न गर्नु पर्नेछ ।

१. सर्वेक्षणका लागि प्राविधिक र आर्थिक पक्ष समेटिएको प्रस्तावना सहितको निवेदन ।
२. नेपाल सरकारको सम्बन्धित निकायमा (कम्पनी रजीस्टारको कार्यालय, जिल्ला प्रशासन कार्यालय, घरेलु तथा साना उद्योगको कार्यालय) दर्ता भएको ।
३. भ्याटमा दर्ता भएको।
४. अन्तिम आ.ब. को कर चुक्ता प्रमाण पत्र।
५. अन्तिम आ.ब. को अडिट प्रतिवेदन।
६. सर्वेक्षणमा प्रयोग हुने मानवीय श्रोतको व्यक्तिगत विवरण (CV) पेश गर्नु पर्नेछ ।
७. अध्ययन अनुसन्धानको क्षेत्रमा कार्य गरेको कम्तिमा एक वटा सर्वेक्षण कार्य सम्पन्न गरेको प्रतिवेदन नमुना
८. संस्थाको अनुभव झल्किने संक्षिप्त प्रोफाईल।

२.६ **आबश्यक मानविय श्रोतहरुको योग्यता तथा लागत;**

| क्र.स. | विज्ञ/सहयोगी मानवीय श्रोत | आवश्यक योग्यता | कार्य दिन | दर रु. | जम्मा रकम रु. |
|---|---|---|---|---|---|
| क. | मुख्य टिम सदस्यहरु | | | | |
| १ | टिम लिडर/ अनुसन्धान विज्ञ (एक जना) | **शैक्षिक योग्यता:-** नेपाल सरकारको मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन/ग्रामिण विकास/ अर्थशास्त्र/सामाजिक विषयमा विद्यावारीधी वा स्नातकोत्तर गरेको ।<br>**प्राविधिक योग्यता:-** अध्ययन अनुसंधान वा सामाजिक विकासको क्षेत्र, बजार सर्वेक्षण वा रोजगारदाता एवंम् निजिक्षेत्रहरुसंग कार्य वा सहकार्य गरेको १० वर्ष भन्दा वढिको अनुभनव भएको । | | | |
| २ | सामाजिक वा आर्थिक विज्ञ (एक जना) | **शैक्षिक योग्यता:-** नेपाल सरकारको मान्यताप्राप्त शिक्षण संस्थाबाट ग्रामिण विकास/ अर्थशास्त्र/ सामाजिक विषयमा स्नातकोत्तर गरेको । | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **प्राविधिक योग्यता:-** अध्ययन अनुसंधान वा सामाजिक विकासको क्षेत्रमा कार्य गरेको कम्तीमा ५ वर्षको अनुभनव भएको । | | | |
| ३ | श्रम तथा रोजगार विज्ञ **(एक जना)** | **शैक्षिक योग्यता:-** नेपाल सरकारको मान्यताप्राप्त शिक्षण संस्थाबाट एम.वि. ए./ मार्केटिङ्ग / ग्रामिण विकास/ अर्थशास्त्र/ सामाजिक विषयमा स्नातकोत्तर गरेको । **प्राविधिक योग्यता:-** विकासको क्षेत्र वा रोजगारदाता एवंम् निजिक्षेत्रहरु संग कार्य वा सहकार्य गरेको ५ वर्षको अनुभनव भएको । | | | |
| ख**.** सहयोगी सदस्यहरु | | | | | |
| ४ | कम्प्युटर अपरेटर वा आई**.**टी**.** प्राविधिक **(एक जना)** | **शैक्षिक योग्यता:-** नेपाल सरकारको मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषयमा स्नातक गरेको । | | | |
| ५ | सर्वेक्षणकर्ताहरु **(१० जना)** | शैक्षिक योग्यता**:-** नेपाल सरकारको मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाण पत्र तह वा कक्षा वाह्र उतिर्ण गरेको । | | | |
| ६ | लेखा तथा प्रशासन **(एक जना)** | शैक्षिक योग्यता**:-** नेपाल सरकारको मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा लेखा तथा व्यवस्थापन विषयमा प्रविणता प्रमाण पत्र तह सम्म उतिर्ण गरेको । | | | |
| ७ | सहयोग तथा हेल्फर **(एक जना)** | शैक्षिक योग्यता**:-** नेपाल सरकारको मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा एस.इ.इ. वा एस.एल.सी सम्म गरेको । | | | |
| क. मानवीय श्रोत परिचालन जम्मा | | | | | |
| ख. परामर्शदाता र मन्त्रालय को संयुक्त वैठक | | | | | |
| ग. सर्वेक्षणकर्ताहरुका लागि तालिम | | | | | |
| घ. जिल्ला नगर उद्योग वाणिज्य संघहरुसंग कार्यशाला गोष्टि | | | | | |
| ङ. भेलिडेसन कार्यशाला गोष्ठि | | | | | |
| च. यातायात तथा सावारी साधन भाडा लिने खर्च | | | | | |
| छ. संचार खर्च | | | | | |

| | | | |
|---|---|---|---|
| ज. प्रतिवेदन तथा छपाई | | | |
| कुल जम्मा खर्च | | | |
| भ्याट अनुमान | | | |
| कन्टिजेन्सी अनुमान | | | |
| समग्र जम्मा अनुमानीत रकम रु. | | | |

३.० कार्य योजना

| क्र.स. | क्रियाकलापहरु | फाल्गुन | | | | चैत्र | | | | बैषाख | | | | जेष्ठ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ह१ | ह२ | ह३ | ह४ | ह१ | ह२ | ह३ | ह४ | ह१ | ह२ | ह३ | ह४ | ह१ | ह२ |
| क | श्रम बजार सर्वेक्षण तयारी | | | | | | | | | | | | | | |
| क.१ | श्रम बजार सर्वेक्षण तयारी )मन्त्रालय( | | | | | | | | | | | | | | |
| १ | सर्वेक्षणकर्ता सेवा प्रदायक छनौटका लागि प्रस्तावना माग | | | | | | | | | | | | | | |
| २ | प्रस्ताव मुल्याँङ्कण | | | | | | | | | | | | | | |
| ३ | सर्वेक्षणकर्ता सेवा प्रदायक छनौट एवंम् सम्झौता | | | | | | | | | | | | | | |
| ४ | श्रम बजार सर्वेक्षण सम्बन्धि मन्त्रालय द्वारा सेवा प्रदायकलाई अभिमुखिकरण । )उद्देश्य, सर्वेक्षका क्षेत्र, सर्वेक्षणका प्रतीफल( | | | | | | | | | | | | | | |
| क.२ | श्रम बजार सर्वेक्षण तयारी )सेवा प्रदायक( | | | | | | | | | | | | | | |
| १ | सर्वेक्षणका लागि प्रश्नावली तर्जुमा | | | | | | | | | | | | | | |
| २ | सर्वेक्षण प्रश्नावली माथी मन्त्रालय र सेवा प्रदायक छलफल गोष्ठि तथा प्रश्नावली तयारी | | | | | | | | | | | | | | |
| ३ | सर्वेक्षणकर्ता छनौट | | | | | | | | | | | | | | |
| ख | श्रम बजार सर्वेक्षण | | | | | | | | | | | | | | |
| १ | जिल्ला/नगर उद्योग वाणिज्य संघ संग छलफल )८ वटै जिल्लामा ८ चरणमा(, सेक्टर पहिचान, सेक्टर अनुसार उद्योगहरुको सुचिकरण )जस्तै निर्माण, टुरिज्म र हस्पिटालिटी, यातायात, टेक्सटायल, उत्पादन वा अन्य क्षेत्रहरु( | | | | | | | | | | | | | | |
| २ | सर्वेक्षणकर्ताहरुका लागि शुरुवाती प्रशिक्षण )Induction training) | | | | | | | | | | | | | | |
| ३ | सुचिकृत संभावित उद्योगहरुमा सर्वेक्षण | | | | | | | | | | | | | | |
| ग | तथ्याँक प्रविष्टि एवंम् विश्लेषण | | | | | | | | | | | | | | |
| घ | प्रतिवेदन तयारी तथा संप्रेषण | | | | | | | | | | | | | | |
| १ | प्रतिवेदनको खाका माथि संयुक्त छलफल | | | | | | | | | | | | | | |
| २ | प्रतिवेदनको प्रारम्भिक मश्यौदा पेश र मश्यौदा उपर संयुक्त छलफल | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | (validation workshop) प्रमुख सरोकारवाला (रोजगारदाता) प्रदेश उद्योग वाणिज्य संघको अगुवाईमा प्रतिवेदनको दोश्रो मश्यौदा उपर छलफल पृष्ठपोषण संकलन | | | | | | | | | | | | | | |
| ४ | श्रम बजार प्रतिवेदनको अन्तिम मश्यौदा पेश | | | | | | | | | | | | | | |